# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, माघ १० गते, २०७६ साल (संख्या १४

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## पशु वधस्थल निर्माण/सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६

खाँडादेवी गाउँपालिका

**पृष्ठभुमि**

पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको बिक्रि वितरण सुव्यवस्थित हुन सकेको छैन। हाल संचालनमा रहेको पशु हाटबजारहरुमा न्युनतम भौतिक पुर्वाधारहरुको कमि हुदाँ बजारहरुमा पर्वाधार विकास गरी व्यवस्थित गर्नुपर्ने खाचो देखिएको छ। उत्पादित पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको बजार सम्म पहुँच प्रदान गरी उपभोक्ताहरु माझ गुणस्तरिय पशुपन्छी तथा पशुजन्य उत्पादनहरुको प्रतिस्पर्धि बजार मुल्यमा उपलब्धत सुनिश्चित गर्न, पशु हाटबजारहरुमा असल व्यवस्थापन प्रणाली लागु गरी बजार सुचना केन्द्रको रुपमा विकास गर्न र पशु उत्पादन पकेट क्षेत्रहरुमा अव्स्थित पशु संकलन केन्द्रलाई पशु हाटबजार संग आवद्ध गरी पशु तथा पशुजन्य उत्पादनहरुको बजारीकरणमा टेवा पुर्याइ निर्वाहमुखी एवं छरिएर रहेको पशुपालन व्यवसायलाइ रुपान्तरण र व्यवस्थापनमा सुविधायुक्त पशु हाटबजारहरुको विकास र विस्तार गर्नका अतिरिक्त हाल संचालनमा रहेको पशु वधस्थल निर्माण/सुधार गर्ने सोचका साथ पशु वधस्थल निर्माण/सुधारको कार्यक्रम संचालन हुनेछ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधि नाम " **पशु वधस्थल निर्माण/सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६**" रहेको छ।

२) यो कार्यविधि स्थानिय सरकारबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय र प्रसंगले अर्को अर्थ नलागेमा

३) "गाउँपालिका" भन्नाले खाँडादेवी गाँउपालिका सम्झनु पर्दछ।

४) "सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त खाँडादेवी गाउँपालिका, पशु सेवा शाखा समेत लाइ जनाउछ।

५) "कार्यक्रम" भन्नाले पशु वधस्थल निर्माण/सुधार कार्यक्रमलाई सम्झनु पर्दछ।

६) "पशु वधस्थल" भन्नाले प्रशोधित वा अप्रशोधित पशु पन्छी तथा पशुपन्छीजन्य उत्पादनहरु खरीद विक्रि गर्ने उद्धेश्यले यस निर्देशिका बमोजिम निर्माण/सुधार हुने स्थान वा संरचना सम्झनु पर्दछ।

७) "पशुपंन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेडा, बाख्रा, बंगुर जस्ता चौपाय तथा कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्कि जस्ता पंक्षी र माछा तथा सो खाले सबै जाति र उमेरका भाले र पोथीलाई समेत जनाउँदछ।

८) " नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक" भन्नाले सेवाको प्रकृति अनुसार नेपाल इन्जीनीयरिङ्ग परिषद, नेपाल पशु चिकित्सा परिषद वा नियमानुसारको आधिकारिक निकायबाट ईजाजत प्राप्त प्राविधिक सम्झनु पर्दछ।

## ३. उद्देश्य

पशु वधस्थल निर्माण/सुधार कार्यक्रम संचालन उद्धेश्य देहाय बमोजिम रहेको छः

१) पशु वधस्थल निर्माण/सुधार कार्यक्रम निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी संचालन गर्ने।

२) पशुहरुको उत्पादन पकेटहरुलाइ बजार संग आवद्धता प्रदान गर्दै पशुहरुको बजारीकरणमा टेवा पुर्याउने।

३) पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको प्रतिस्पर्धी बजार मुल्य सुनिश्चित गर्ने।

## ४. रकम उपयोग गर्न सकिने कार्यहरु

१) पशु वधस्थलको लागि आवश्यक पर्ने भवन र अन्य भौतिक संरचना निर्माण/सुधार।

२) आवश्यक औजार र उपकरणहरु खरिद तथा जडान।

३) पशुहरुलाई गाडीबाट ओराल्न र चढाउनको लागि प्लेटफार्म निर्माण।

४) ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण र उपकरण जडान।

५) विधुत र पानीको नियमित आपुर्ति सम्बन्धी कार्यहरु।

६) पशुहरु राख्ने सेड निर्माण र प्राथमिक पशु उपचार कक्ष।

७) बारबन्देज तथा र कम्पाउण्ड वाल निर्माण।

८) फोहोर व्वस्थापन, बायोग्यास प्लान्ट निर्माण तथा शौचालय निर्माण/सुधार।

९) अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान।

१०) स्वाच्छ पिउने पानीको व्यवस्था (पानि ट्याङ्गी र पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि)

११) शौचालय/वासिङ्ग वेसिन निर्माण तथा सुधार।

१२) जैविक सुरक्षा व्यवस्थापन'

१३) डिजिटल डिस्प्ले वा इलेक्ट्रोनिक मुल्य सुचि जडान।

## ५. <u>पुर्वाधार निर्माण शर्तहरु</u>

१. पशु वधस्थलको भौतिक संरचनाको डिजाईन र लागत इष्टिमेट नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ।

२. पशु वधस्थल निर्माण/सुधार गरिने स्थानमा सडक र विद्युतको सुविधा भएको हुनु पर्नेछ।

३. पशु वधस्थल निर्माण/सुधार हुने स्थानमा फोहोर मैला फाल्ने सार्वजानिक क्षेत्र नजिक हुनु हुँदैन।

४. पशु वधस्थल निर्माण/सुधार भौतिक संरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्बन्धित कार्यालायको पुर्व स्वीकृत अनुवार्य लिनु पर्नेछ।

## ६. <u>अनुगमन र मुल्याङ्गनः</u>

१) आवश्यक्ता अनुसार सम्बन्धित सरोकालवालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मुल्याङ्गन गर्न सकिनेछ।

२) उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमकको शर्तहरु पालन गरेको/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ।

३) अनुगमन टोलिले वधस्थल सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्नु पर्ने हुनेछ।

## परिच्छेद २

## विविध

**७. आर्थिक प्रशासन सेवा**

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियामावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

**८. प्रचलित कानुन लागु हुने**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेध भएको हकमा यसै बमोजिम तथा कार्याविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

खुँडादेवी गाउँपालिका

९. <u>बाधा अड्काउ फुकाउने (खारेज एवं संशोधन)</u>

१. कार्यविधि कार्यानवयनका सन्दर्भमा खाँडादेवी गाउँपालिकाले आवश्यक निर्णय गर्न सकिनेछ।

२. कार्याविधि कार्यान्वयनमा बाधा आईपरेमा वा विवाद उत्पन्न भएमा खाँडादेवी गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

३. कार्यविधिलाई आवश्यक अनुसार  गाउँ कार्यपालिकाले खारेज वा संशोधन गर्न सक्नेछ।

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७६।०९।२६**
**प्रमाणीकरण मिति: २०७६।१०।१०**

**आज्ञाले,**
**महाप्रसाद दंगाल**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका